# कर्णाली प्रदेश

# खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०८०

*(मस्यौदा)*

**<u>प्रस्तावना:</u>** जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन, विकास गरी प्रदेशभित्र बसोबास गर्ने प्रत्येक नागरिकको खानेपानी, सरसफाइ र स्वच्छतामा समान पहुँचको सम्मान, संरक्षण र परिपूर्ति गरी सुरक्षित, गुणस्तरीय, दिगो, भरपर्दो, र नियमित खानेपानी, सरसफाइ तथा स्वच्छताको सेवालाई सहज रुपमा उपलब्ध गराइ जनस्वास्थ्य र वातावरण संरक्षण, सम्बर्धन र नियमन गर्न आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## <u>प्रारम्भीक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम " कर्णाली प्रदेशको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमति पत्र" भन्नाले दफा २९ बमोजिमको अनुमति पत्र सम्झनु पर्छ ।

(ख) "अनुमति प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्छ ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत् सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्छ ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने व्यक्ति, संस्था, प्रतिष्ठान वा निकाय सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि सामुदायिक रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्छ ।

(च) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्य समेतलाई जनाउँछ ।

(छ) "खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ बमोजिमको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्छ ।

(ज) "ढल निकास" भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ञ) "पानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, गाड, नाला, ताल, तलाउ, पोखरी, सिमसार, नाउला, कुवा, कुण्ड, मुहान तथा मूल, ढुंगेधारा जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचना समेतलाई जनाउँछ ।

(ट) “फोहरमैला” भन्नाले खानेपानीको घरेलु तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमुत्र सहित वा रहित फोहोरपानी सम्झनु पर्छ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने बर्षातको पानीलाई समेत जनाउँछ ।

(ठ) “फोहरमैला” भन्नाले घरेलु फोहरमैलाऔद्योगिक फोहरमैला रसायनिक फोहरमैला स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडे गलेका वस्तु र वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका वस्तुहरु लगायत अनाधिकृत सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र कर्णाली प्रदेशले राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

(ड) "मन्त्रालय" भन्नाले खानेपानी सम्बन्धी बिषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(ढ) “मानव मलमूत्रीय फोहोर व्यवस्थापन” भन्नाले मानव मलमुत्रको सेप्टिक टयांकी वा त्यस्तै अन्य संयन्त्रमा स्थलगत सञ्चय, आवधिक संकलन, ढुवानी तथा सुरक्षित विसर्जन वा पुनः उपयोगलाई सम्झनु पर्छ ।

(ण) "सरसफाइ सेवा" भन्नाले फोहोरपानी व्यवस्थापन, मानव मलमूत्रीय फोहोर व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली, घरेलु, संस्थागत तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन, प्रवर्धन गर्ने तथा यस सम्बन्धी मर्मत सम्भार कार्य समेतलाई जनाउँछ ।

(त) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(थ) "सेवा प्रदायक" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमति पत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(द) "संगठित संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, कम्पनी, सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले यस ऐन वा प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था, समिति, वा निकाय समेतलाई जनाउँछ ।

(ध) "संघीय ऐन" भन्नाले संघीय खानेपानी सरसफाइ ऐन २०७९ र त्यस अन्तरगत बनेका नियमावलीलाई जनाउँछ ।

(न) “स्वच्छता” भन्नाले आफु र वरिपरि को वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट बच्न अपनाईने सम्पूर्ण व्यवहारहरु हुन् । स्वच्छताले व्यक्ति र समुदायको आनीबानीलाई जनाउँछ ।

(प) “सुरक्षित खानेपानी” भन्नाले सामान्यतया राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले तोकेको मापदण्ड पुरा गर्न सक्ने खानेपानी सम्झनु पर्छ र सो शब्दले हालको अवस्थामा धमिलोपाना, मानव स्वास्थ्य सँग सम्बन्धित आर्सेनिक तथा अन्य हानिकारक प्रदुषकको सघन सिमा मापदण्ड भित्र रहेको र इ-कोलि नभएको वा वितरण प्रणालिको अन्तिम प्रयोग विन्दुमा क्लोरिनको अवशेष मापदण्ड भित्र रहेको खानेपानी समेतलाई जनाउँछ ।

(फ) “स्थानीय तह” भन्नाले कर्णाली प्रदेशभित्र रहेका गाउँपालिका र नगरपालिकालाई जनाउँछ ।

## परिच्छेद -२

## <u>खानेपानी तथा सरसफाइको अधिकार र दायित्व</u>

३. **<u>प्रदेश सरकारको अधिकार र दायित्वः</u>** (१) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा, फोहर व्यवस्थापन आयोजनाको निर्माण, संचालन तथा मर्मत सम्भार सम्बन्धमा प्रदेश सरकारको अधिकार तथा दायित्व देहायबमोजिम हुनेछ ।

(क) जलस्रोतको संरक्षण, सम्बर्धन र बहुउपयोग सम्बन्धी कार्य

(ख) प्रदेश भित्रको खानेपानी उत्पादन, प्रशोधन, वितरण र गुणस्तर सम्बन्धी कार्य

(ग) सरसफाइ, स्वच्छता सम्बन्धी कार्य,

(घ) प्रदेश भित्रका एक वा एक भन्दा बढी स्थानीय तहमा संचालन हुने आयोजना

(२) उपदफा (१) बमोजिमको अधिकार तथा दायित्वको प्रयोग पारस्परिक समन्वयमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले गर्नेछ ।

४. **नागरिकको अधिकार :** (१) प्रत्येक नागरिकलाई विना भेदभाव, प्रर्याप्त, सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छतामा पहुँचको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम अधिकारको सम्मान, संरक्षण, सम्वर्धन, परिपुर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश सरकार, र विभिन्न विकास साझेदारहरुसँगको समन्वय र सहकार्यमा स्थानीय तहको हुनेछ ।

५. **नागरिकको कर्तव्य** : पानीको मूल वा मुहान सफा राख्नु, संरक्षण र संवर्द्धन गर्नु तथा दिगोरुपले उपयोग गर्नु र यो ऐन तथा ऐन अन्तर्गत बनेका नियम, मापदण्ड, कार्यबिधि तथा आदेशको पालना गर्नु नागरिकको कर्तव्य हुनेछ ।

६. **पानीको स्रोतको उपयोगको अधिकार** (१) यस ऐन तथा प्रचलित कानूनको अधिनमा रहि पानीको स्रोतको उपयोगको अधिकार प्रदेश र स्थानीय तहको हुनेछ ।

(२) जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गर्नु पर्नेछ ।

(३) घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोगसँग सम्बन्धित सिंचाई, जलविद्युत जस्ता आयोजना र अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(४) पानीको व्यवसायीक र नाफामुलक प्रयोग गर्दा प्रचलित कानून बमोजिमका सर्तहरु पालना गर्नु पर्नेछ ।

(५) कुनै उपभोक्ता संस्था वा समुदायले सामुदायिक हित हुने गरी परम्परागत रुपमा घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहने छ ।

(६) प्रदेश सरकारले गाउँ/नगरपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व प्रभावित उपभोक्ता संस्था वा समुदाय, वडा कार्यालय र गाउँ/नगरपालिकाको पूर्व सहमति लिनु पर्नेछ ।

(७) कुनै विकास परियोजना वा आयोजनाका कारण खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्था वा समुदायलाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार वा नयाँ संरचनाको निर्माण गर्नु पर्ने भए नयाँ संरचना निर्माण गर्नु पर्नेछ ।

७. **<u>जलस्रोत तथा मुहानको संरक्षण</u>** (१) जलस्रोत तथा मुहानको संरक्षण तथा विकास प्रदेश सरकार र स्थानीय तहको समन्वयमा हुनेछ ।

(२) **<u>एकीकृत जलस्रोत व्यवस्थापन गर्ने</u>**: जलाधार क्षेत्रको पहिचान तथा सोको संरक्षण, विकास र उपयोगका लागि एकीकृत जलस्रोतको संरक्षण सम्बन्धी अवधारणा अनुरुप जलस्रोत व्यवस्थापन गर्न देहायका कार्यहरु गर्न सकिनेछ ।

(क) जलस्रोतको संरक्षण विकासका लागि नीति तथा योजना निर्माण र कार्यान्वयन गर्न सकिनेछ ।

(ख) जलाधार र उप जलाधार क्षेत्रहरुमा एकीकृत जलस्रोतको संरक्षणका लागि समिति गठन तथा परिचालन गर्न सकिनेछ ।

८. **<u>भूमिगत पानीको उपयोग र संरक्षण गर्ने</u> :** (१) प्रदेश र स्थानीय तहले नेपाल सरकारले बनाएको भूमिगत पानीको उपयोग र संरक्षण सम्बन्धी मापदण्डको अधिनमा रहि प्रदेश सरकार र स्थानीय तहले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) भूमिगत पानीको संरक्षणका लागि प्रदेश र स्थानीय तहले आपसी समन्वयमा देहायका कार्य गर्नु पर्नेछ ।

(क) संरक्षण सम्बन्धी कार्य

(ख) पुनर्भरण सम्बन्धी कार्य

(ग) जलवायु अनुकूलन र बिपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्य

(घ) पानीको सञ्चिती, बहुउपयोग, पुनःप्रयोग, किफायती प्रयोग, पुनर्भरण र चुहावट सम्बन्धी कार्य

(ङ) प्रदुषण नियन्त्रण सम्बन्धी कार्य र

(च) तोकिएबमोजिम अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ३

## संस्थागत संरचना, भूमिका र जिम्मेवारी

९. **प्रदेश स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति** : (१) प्रदेशमा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ :—

(क) प्रमुख सचिव -संयोजक

(ख) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ग) सचिव, उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय- सदस्य

(घ) आयोजना प्रमुख, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना

(ङ) प्रतिनिधि, प्रदेश खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ –सदस्य

(च) संघीय खानेपानी तथा ढल निकास कार्यालयका कार्यालय प्रमुख/प्रतिनिधि – सदस्य

(छ) प्रतिनिधि, प्रदेश नेपाल नगरपालिका महासंघ -सदस्य

(ज) प्रतिनिधि, प्रदेश अवस्थित गाउँपालिका राष्ट्रिय महासंघ-सदस्य

(झ) प्रतिनिधि, प्रदेश स्तरीय पत्रकार महासंघ -सदस्य

(ञ) खानेपानी तथा सरसफाइ क्षेत्रमा काम गर्ने विकास साझेदारको तर्फबाट एक जना प्रतिनिधि -सदस्य

(ट) सचिव, जलश्रोत तथा उर्जा विकास मन्त्रालयल -सदस्य सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) प्रदेशस्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **<u>प्रदेश खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम, कर्तब्य र अधिकार</u>** : प्रदेश खानेपानी र सरसफाइ समन्वय समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा कार्यान्वयन र अनुगमनका विषयमा मन्त्रालयलाई सुझाव दिने,

(ख) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता सुनिश्चित गर्ने,

(ग) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकुल संशोधन गर्नका लागि सुझाव पेश गर्ने,

(घ) खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको निर्माण, प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ङ) खानेपानी तथा सरसफाइ सम्बन्धी संघीय सरकार , स्थानीय र प्रदेशका बिच समन्वय गर्ने ।

(च) विपद्को समयमा नागरिकको सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा पहुँच सुनिश्चित गर्न प्रदेशमा खानेपानी, सरसफाइ तथा स्वच्छता समूह (WASH cluster ) गठन वा पुर्नगठन गर्ने र कार्य विवरण तयार गरी परिचालन गर्ने।

(छ) खानेपानी सेवा सहायता केन्द्रहरु निर्माण गरि परिचालन गर्ने ।

(ज) मन्त्रालयले तोकेका अन्य कार्यहरु गर्ने ।

११. **<u>मन्त्रालयः</u>** मन्त्रालयको भूमिका र जिम्मेवारी देहायबमोजिम हुनेछ ।

(क) प्रदेश स्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता, पूर्ण सरसफाइ सम्बन्धी योजना, गुरुयोजनाको तर्जुमा, आयोजनाको पहिचान, अध्ययन, निर्माण, सञ्चालन, संभार, व्यवस्थापन, गुणस्तर र नियमन गर्ने,

(ख) प्रदेश स्तरमा खानेपानी तथा सरसफाइ सेवाको शुल्क दस्तुरको आधार तथा मापदण्ड निर्माण गर्ने,

(ग) खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति, मापदण्ड र नियमन गर्ने,

(घ) खानेपानी सरसफाइ तथा स्वच्छतामा पहुँच नपुगेका बस्ती तथा समुदायहरु, पिछडिएका वर्गको पहुँच सुनिश्चितता गर्न सहयोग तथा समन्वय गर्ने।

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको व्यवस्थापनका लागि अन्तर मन्त्रालय समन्वय तथा संघ तथा स्थानीय सरकार र विकास साझेदारसँग समन्वय गर्ने ।

(च) स्थानीय तहलाई खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको अवस्था विश्लेशण, योजना तर्जुमा तथा कार्यन्वायनमा प्राविधिक सहयोग गर्ने ।

(छ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको तथ्यांक संकलन गर्दा लैंगिकता, अपांगता, जातीयता, सिमान्तकृत वर्गको खण्डीकृत स्वरुपमा गरिनेछ

(ज) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको अवस्था, तथ्यांङ्क, प्रगति आदि को तथ्यांङ्क अधावधिक गर्ने ।

(झ) खानेपानी गुणस्तर सुधारका लागि प्रदेश स्तर तथा स्थानीय स्तरमा पानी परीक्षण ल्याब स्थापना तथा सन्चालनमा सहयोग, प्रबिधि तथा क्षमता विकास, समुदाय स्तरमा सचेतना अभिबृद्धि तथा सेवाको अनुगमन गर्ने

(ञ) तोकिएका अन्य कार्य गर्ने ।

१२. **<u>स्थानीय तह स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति</u>** : (१) यस ऐनको कार्यान्वयनका लागि समन्वयात्मक भूमिका निर्वाह गर्न स्थानीय तह मा कार्यपालिकाले निर्णय गरे बमोजिमको खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति बनाउन सकिनेछ र यसमा कम्तिमा ५०% महिला, जनजाति, दलित वा अल्पसंख्यकको प्रतिनिधित्व हुनेछः—

(क) गाउँ/नगरपालिका प्रमुख वा अध्यक्ष -अध्यक्ष

(ख) गाउँ/नगरपालिका उपप्रमुख वा उपाध्यक्ष -उपाध्यक्ष

(ग) सम्बन्धित स्थानीय तहका सबै वडाका वडा अध्यक्षहरु -सदस्य

(घ) गाउँ/नगरपालिका क्षेत्रभित्रका सुरक्षा निकायहरुबाट समितिले तोकेको प्रमुख १ जना -सदस्य

(ङ) सम्बन्धित गाउँ/नगरपालिका खानेपानी तथा सरसफाइ, पूर्वाधार, स्वास्थ, महिला बालबालिका तथा वन वातावरण तथा विपद व्यवस्थापन शाखाका प्रमुख -सदस्य

(च) निर्वाचित महिला जनप्रतिनिधिहरुबाट तीन जना -सदस्य

(छ) कार्यापालिकामा दलित वा अल्पसंख्यक समुदाय प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य एक जना -सदस्य

(ज) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ संस्थाको एक जना प्रतिनिधि -सदस्य

(झ) कार्यपालिकाले तोकेको खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघको प्रतिनिधि एक जना

(ञ) गाउँ/नगरपालिका भित्रका बिद्यालयबाट एक जना महिला र एकजना पुरुष गरी २ जना शिक्षक -सदस्य

(ट) कार्यपालिकाले तोकेको महिला स्वास्थ्य स्वंसेविका मध्ये एक जना -सदस्य

(ठ) कार्यपालिकाले तोकेको अपांगता भएका व्यक्तिहरुबाट एक जना -सदस्य

(ड) कार्यपालिकाले तोकेको अल्पसंख्यक वा लैंगिक तथा यौनिक अल्पसंख्यकबाट एक जना -सदस्य

(ढ) गाउँ/नगरपालिका प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार गाउँ/नगरपालिका क्षेत्र भित्र काम गर्ने खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जेसुकै लेखिएको भएता पनि समितिको गठन सम्बन्धी व्यवस्था स्थानीय कानुन नबने सम्म मात्र लागु हुनेछ ।

(४) स्थानीय तह स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१३. <u>स्थानीय स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम, कर्तब्य र अधिकार</u> :** स्थानीय तह स्तरीय खानेपानी र सरसफाइ समन्वय समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन, अनुगमनमा लैङ्गिक समानता, अपाङ्गता ,अपांगता तथा सामाजिक समावेशिता सुनिश्चित गर्ने,

(ख) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकुल संशोधन गर्नका लागि सुझाव पेश गर्ने,

(ग) स्थानीय तहका लागि आवश्यक पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी समावेशी नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयारीमा सहयोग गर्ने,

(घ) खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको निर्माण, प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ङ) विभिन्न विकास साझेदारहरुसँग समन्वय गरी खानेपानी, सरसफाइ तथा स्वच्छता योजना गुरुयोजनाको कार्यान्वयमा योगदान तथा सहयोग गर्ने,

(च) स्थानीय कानूनले तोकेका अन्य कार्यहरु गर्ने ।

**१४. <u>खानेपानी सरसफाइ तथा स्वच्छता शाखा वा इकाइः</u>** (१) स्थानीय तहले आफ्नो संगठन संरचनामा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र हेर्ने इकाई वा शाखा तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शाखा वा इकाईको भूमिका र जिम्मेवारी स्थानीय कानुनमा तोकिएबमोजिम हुनेछ ।

**१५. उपभोक्ता संस्थाको गठन तथा परिचालन सम्बन्धी व्यवस्था** : (१) खानेपानी तथा सरसफाइ सेवा सम्बन्धी कार्य गर्नका लागि सम्बन्धित आयोजना क्षेत्रका उपभोक्ताहरुले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गर्दा सम्बन्धित स्थानीयको कानून बमोजिम गठन गर्नु पर्नेछ ।

(३) उपभोक्ता संस्थाको गठन तथा परिचालन सम्बन्धी अन्य व्यवस्था सम्बन्धित स्थानीय तहले तोकेबमोजिम हुनेछ ।

**१६. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था संगठित संस्था हुने:** (१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र गैरनाफामूलक सामाजिक संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त उपभोक्ता संस्थाको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

**१७. लैंगिक समानता, अपाङ्गता तथा अपाङ्गता, सामाजिक समावेशीता तथा समन्याय कायम गर्ने** : (१) दफा १५ बमोजिम उपभोक्ता समितिको कार्य समितिको कम्तिमा मुख्य २ पदमा महिलाको सहभागिता सहित ५० प्रतिशत लैङ्गिंक समानता तथा सामाजिक समावेशी सिद्धान्तका आधारमा अपागंता भएका व्यक्ति, दलित वा आदिवासी जनजाति, सीमान्तकृत समुदाय, विपन्न वर्ग समुदाय र युवा समुदायको सहभागिता सुनिश्चित हुनुपर्नेछ ।

(२) उपदफा (१) को व्यवस्थाले महिला वा सीमान्तकृत वर्गको मात्र पदाधिकारी तथा सदस्य भएको कार्य समिति बनाउनमा वा गठन गर्नमा रोक लगाएको मानिने छैन ।

## परिच्छेद - ४

## <u>आयोजनाको वर्गिकरण, निर्माण, हस्तान्तरण र संचालन सम्बन्धि व्यवस्था</u>

१८. **<u>आयोजनाको वर्गिकरण:</u>** खानेपानी तथा सरसफाइ आयोजनाहरुको कार्यान्वयन तथा व्यवस्थापन सहजताका लागि देहायबमोजिमको आधारमा बर्गिकरण गर्न सकिनेछ ।

(क) प्रणालीका आधारमा

(ख) प्रबिधिका आधारमा

(ग) आपुर्तिका आधारमा

(घ) व्यवस्थापनका आधारमा

(ङ) सरसफाई फोहोर मैला व्यवस्थापनका आधारमा

१९. **<u>स्थानीय तहले आयोजना माग गर्न सक्ने:</u>** (१) स्थानीय तहले संघीय कानूनले तोकेको लागत तथा जनसंख्याका आधारमा निर्धारण गरेको आकार सम्मका आयोजनाहरु निर्माणका लागि कार्यपालिकाको निर्णय सहित तोकिएका काजजात सहित प्रदेश समक्ष माग गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम रितपुर्वक माग गरिएको आयोजना प्रदेश सरकारले प्राथमिकताका साथ कार्यान्वयन गर्नेछ ।

(३) यस दफा बमोजिम माग भई आएको योजनाको सम्बन्धमा प्रदेश सरकारले स्थलगत अध्ययन गरी वास्तविक आवश्यकता भए नभएको एकीन गर्न सक्नेछ ।

२०. **<u>आयोजना छनोट गर्दाको प्राथमिकता:</u>** स्थानीय तहले माग गरेका आयोजनाहरु छनौट गर्दा प्रदेश सरकारले देहायका मापदण्डका आधारमा गर्नेछ ।

(क) स्थानीय तहको गुरुयोजना तथा योजनामा समावेश भएका आयोजनाहरुबाट कार्यपालिकाले बढी लागत वा बिशिष्टिकृत प्राविधिक क्षमता आवश्यक भएका कारण आफुले गर्न नसक्ने भनी प्रदेश सरकारमा पेश गरेका आयोजनाहरु

(ख) खानेपानीको पहुँच नपुगेको स्थानका आयोजनाहरु

(ग) मर्मत सम्भारबाट पुन सुचारु गर्न सकिने पुराना आयोजनाहरु

(घ) दलित, अपांगता भएका व्यक्ति, जनजाती, आदिवासी, सिमान्तकृत समुदाय तथा बिपन्न वर्गको बाहुल्यता रहेको लाभान्वित क्षेत्र

२१. **<u>लागत वा बिशिष्टिकृत प्राविधक क्षमता आवश्यक पर्ने योजनाः</u>** प्रदेश सरकारले लागत वा बिशिष्टिकृत प्राविधिक क्षमता आवश्यक पर्ने संघीय कानूनले तोकेका ठुला तथा जटिल आयोजनाहरु निर्माणका लागि संघीय सरकारमा अनुरोध गर्नेछ ।

२२. **<u>आयोजना निर्माण गर्दा स्थानीय तहसँग समन्वय गर्नु पर्ने:</u>** (१) यस ऐन बमोजिम कार्यान्वयन गरिने खानेपानी तथा सरसफाइ आयोजना निर्माण गर्दा स्थानीय तहसँग समन्वय कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन गरिने आयोजनाको उपभोक्ता संस्था दर्ता गर्ने, आयोजनाको अनुगमन गरी कार्यान्वयन गर्ने पक्षलाई पृष्ठपोषण प्रदान गर्ने र आयोजना कार्यान्वयन सम्बन्धी सहजीकरण गर्ने दायित्व स्थानीय तहको हुनेछ ।

(३) उपभोक्ता संस्थाले अन्य वडा वा अन्य छिमेकी स्थानीय तहको क्षेत्रमा रहेको मुहान, स्रोतबाट खानेपानी ल्याएको भएमा त्यस्तो क्षेत्रको खानेपानीको मूहान, स्रोतको संरक्षणका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ ।

२३. **<u>लागत सहभागिता गर्नुपर्ने</u>**: दफा २२ बमोजिम स्थानीय तहबाट माग भई आएका योजनाहरुको कार्यान्वयनका लागि प्रदेशले स्थानीय तहको लागत सहभागिताको अंश तोक्न सक्नेछ ।

२४. **<u>समन्वय कायम गर्ने:</u>** कुनै पनि विकास साझेदार तथा गैरसरकारी सङ्घ संस्थाले प्रदेश र स्थानीय तहसँगको समन्वयमा रही काम गर्नु पर्नेछ ।

तर कुनै अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थाले प्रदेश वा स्थानीय तहसँग समन्वयमा काम गर्दा त्यस्तो कामको लागि नेपाल सरकारको पुर्व स्वीकृति लिनु पर्नेछ ।

२५. **<u>आयोजना हस्तान्तरण सम्बन्धी व्यवस्था:</u>** (१) अनुमति प्राप्त संस्थाले दफा ३२ बमोजिम अनुमति प्राप्त भएको अवधी समाप्त भएपछि आफुले संचालन गरेको खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना तथा सेवा प्रणाली र सो सम्बन्धी संरचना चालु अवस्थामा उपभोक्ता संस्थालाई निशुल्क रुपमा हस्तान्तरण गर्नु पर्नेछ ।

(२) कुनै पनि निर्माण कम्पनी वा संस्थाले आयोजना निर्माणको जिम्मेवारी प्राप्त गरेको भए सो आयोजना निर्माण सम्पन्न भए पश्चात उपदफा (१) बमोजिम हस्तान्तरण गर्नु पर्नेछ ।

(३) आयोजना हस्तान्तरण सम्बन्धी अन्य कार्यविधि प्रदेश र स्थानीय तहले तोकेबमोजिम हुनेछ ।

२६. **<u>विवरण पेश गर्नु पर्ने:</u>** स्थानीय तहले प्रदेश मन्त्रालय समक्ष देहायको विवरण बार्षिक रुपमा पेश गर्नु पर्नेछ ।

(क) अनुमति पत्र प्रदान गरेको संगठित संस्थाको नाम र सङ्ख्या,

(ख) अनुमति पत्र प्रदान गरेकको संगठित संस्थाहरुले सेवा दिने क्षेत्र,

(ग) अनुमति पत्र प्रदान गरेको संगठित संस्थाहरुको अनुमति पत्रको अवधि र तोकिएको शर्त,

(घ) स्थानीय तह आफैंले संचालन गरेका आयोजनाको सङ्ख्या र अन्य आवश्यक विवरण,

(ङ) स्थानीय तहले उपयुक्त सम्झेको अन्य विवरण ।

## परिच्छेद -५

## <u>दर्ता तथा अनुमति सम्बन्धी व्यवस्था</u>

२७. **<u>उपभोक्ता संस्था दर्ता सम्बन्धी व्यवस्था</u>**: (१) दफा १५ बमोजिम गठित उपभोक्ता संस्था सम्बन्धित स्थानीय तहमा अनिवार्य दर्ता गर्नु पर्नेछ भने एक भन्दा बढी स्थानीय तहहरुमा सेवा क्षेत्र भएको उपभोक्ता संस्था सम्बन्धित सबै स्थानीय तहमा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था दर्ता गर्नका लागि स्थानीय तहले तोकेको ढाँचामा संस्थाको बिधान र कागजातहरु पेश गर्नु पर्नेछ ।

(४) ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका खानेपानी संरक्षण, संम्वर्धन र खानेपानी तथा सरसफाइ सेवा संचालन गरिरहेका नाफारहित सामुदायिक संस्था वा उपभोक्ता समूहहरू सम्बन्धित स्थानीय तहमा सूचीकृत हुनु पर्नेछ ।

२८. **<u>मुहान दर्ता गर्नु पर्ने</u>** (१) प्राकृतिक रुपमा खानेपानी निसृत हुने क्षेत्र र खानेपानीको स्रोत, मूल वा मुहानबाट संकलन गरि खानेपानी व्यवस्थापन गर्न चाहने उपभोक्ताले सो पानीको उपयोगका लागि स्थानीय तहमा मुहान दर्ता गर्नु पर्नेछ ।

(२) मुहान दर्ता सम्बन्धी अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

२९. **<u>अनुमति पत्र लिनु पर्ने</u>**: (१) प्रदेश भित्र कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यवसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा तोकिएबमोजिम मन्त्रालयको अनुमति पत्र लिनु पर्नेछ ।

(२) कुनै पनि स्थानीय तहको क्षेत्र भित्र मात्र उपदफा (१) बमोजिमको कार्य गर्न चाहेमा सम्बन्धित स्थानीय तहको कानून बमोजिम अनुमति पत्र लिनु पर्नेछ ।

तर स्थानीय तहमा यस प्रयोजनका लागि स्थानीय कानून नबनेको अवस्थामा उपदफा (१) बमोजिम अनुमति लिई स्थानियतहलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र उपभोक्ता संस्थाद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न अनुमति पत्र लिनुपर्ने छैन ।

(४) उपदफा (१) र (२) बमोजिमको कम्पनी वा उद्योग वा संस्था प्रचलित कानून बमोजिम संगिठत भई कानून बमोजिमको दायित्व पुरा गरेको हुनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम अनुमति प्रदान गर्ने प्रक्रियामा आवश्यक छानविन गर्दा थप काजजातहरु आवश्यक पर्ने वा कुनै बिषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा तोकिएको अधिकारीले सो बमोजिमका कागजात पेश गर्न वा स्पष्ट गर्न निवेदनकलाई सात दिनको समय प्रदान गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम दिइएको समयभित्र निवेदकले थप कागजात पेश गरेमा वा थप स्पष्ट गरेमा सो मितिलाई नै निवेदन परेको मिति मानिनेछ ।

३०. **<u>नाफामूलक वा व्यापारिक प्रयोजन नभए पनि अनुमति लिनु पर्ने</u>**: (१) प्रदेश भित्र कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग वा संस्था वा व्यक्तिले मानव मलमुत्र विसर्जन वा अन्य फोहोरमैला बिसर्जन गर्ने कार्य सम्बन्धित स्थानीय तहको अनुमति नलिई तथा कानून बमोजिम जग्गा प्राप्ति गर्नु पर्ने भए सो नगरी गर्न पाईने छैन ।

(२) उपदफा (१) को प्रयोजनका लागि जग्गाको प्रयोगका अनुमति लिनु परेमा वा जग्गा प्राप्ति गर्नु परेमा सम्बन्धित स्थानीय तहमा अनुरोध गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जग्गा प्राप्त सम्बन्धी बिषय भएमा स्थानीय तहले सो सम्बन्धी निर्णय गरी नेपाल सरकार समक्ष जग्गा प्राप्त गराई दिन अनुरोध गर्न सक्नेछ।

**३१.** **<u>अनुमति पत्र दिनु पर्ने</u>** : (१) दफा २९ बमोजिम परेको निवेदनमा मन्त्रालय वा सम्बन्धित स्थानीय तहले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमति पत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदक कम्पनी, उद्योग वा संस्थालाई मनासिव शुल्क लिई व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमति पत्र दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अगावै खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा निर्माण, संचालन तथा व्यवस्थापन, खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गरिरहेको संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक बर्ष भित्र तोकिएबमोजिम अनुमति लिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति पत्र नलिएका संगठित संस्थाले खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा संचालन व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन।

**३२.** **<u>अनुमति पत्र प्रदान नगरिने :</u>** (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइहेको क्षेत्रमा र व्यवसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको बसोवास क्षेत्र वा औद्योगिक क्षेत्रमा अर्को कुनै पनि संगठित संस्थालाई सोही प्रयोजनका लागि मन्त्रालय वा सम्बन्धित स्थानीय तहले अनुमति पत्र प्रदान गर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा अन्य संगठित संस्थालाई अनुमति पत्र दिन सकिनेछः-

(क) सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा,

(ख) नियमित रुपमा खानेपानी वितरण नगरेमा,

(ग) माग अनुसारको खानेपानी आपूर्ति गर्न नसकेमा, वा

(घ) दफा ३३ बमोजिम अनुमति पत्र खारेज भएमा

**३३. <u>अनुमति पत्र खारेज</u>** : (१) यस ऐन बमोजिम अनुमति पत्र प्राप्त कम्पनी, उद्योग वा संस्थाले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमति पत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा मन्त्रालय वा सम्बन्धित कार्यपालिकाले अनुमति पत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमति पत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको आदेशको पालना नगरेमा यस ऐन बमोजिम दिएको अनुमति खारेज गरिनेछ ।

(२) उपदफा (२) बमोजिम अनुमति खारेज गर्नु पुर्व सम्बन्धित अनुमति प्राप्त संस्थालाई सफाइको मौका पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

## परिच्छेद-६

## <u>खानेपानी तथा सरसफाइ सेवा संचालन सम्बन्धी व्यवस्था</u>

३४. **<u>खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापनः</u>** (१) प्रदेश र स्थानीय तहले खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापन गर्दा आफै वा आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था मार्फत गर्नु गराउनु पर्नेछ ।

(२) उप दफा (१) बमोजिम खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापनका लागि उपभोक्ता संस्थालाई प्राथमिकता दिइनेछ ।

(३) स्थानीय तह भित्रको खानेपानी तथा सरसफाइ व्यवस्थापन सम्बन्धी अन्य कुरा स्थानीय कानून बमोजिम हुनेछ ।

३५. **खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन**: खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको योजनाबद्ध विकास गर्न नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्डको अधिनमा रहि प्रदेश तथा स्थानीय तहले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्नु पर्नेछ। आयोजना डिजाइन गर्दा र कार्यान्वयन गर्दा नेपाल सरकारको पहुँचयुक्तता सम्बन्धि मापदण्ड सुनिश्चित गर्नको लागि पहुँचयुक्तता सुची तयार पारी पहुँचयुक्तता परिक्षण गरिनेछ ।

३६. **सुरक्षित खानेपानी तथा सरसफाइ सेवा उपलव्ध गराउनु पर्ने**: (१) उपभोक्ता संस्था वा अनुमति पत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्रका खानेपानी तथा सरसफाइ उपभोक्ताहरुले नियमित र समन्यायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) आफ्नो सेवा क्षेत्रभित्र खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि भेदभाव गर्न पाइने छैन ।

(३) सेवा प्रदायक उपभोक्ता संस्था वा अनुमति प्राप्त संस्थाले उपलब्ध गराएको खानेपानी सुरक्षित भए नभएको एकिन गर्न राष्ट्रिय खानेपानी मापदण्ड २०७९ को अधिनमा रहि प्रदेश र स्थानीय तहले गुणस्तर निगरानी सम्बन्धी कार्यबिधि बनाई लागु गर्न सकिनेछ ।

३७. **सेवा बन्द गर्न सक्ने**: (१) काबु बाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवाप्रणालीबाट उपलव्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी उपभोक्ता संस्था वा अनुमति पत्र प्राप्त संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्व सूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमति पत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा त्यस्ता संस्थाले बैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्र भित्र अनुमति पत्र प्राप्त संस्थाले आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमितरुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(४) निर्धारित समयमा महसुल नबुझाउने वा सेवाको दुरुपयोग दुरुपयोग गर्ने सेवा उपयोग गर्दा पालना गर्नुपर्ने सर्तको उल्लङ्घन गने उपभोक्ताको सेवा अनुमति पत्र प्राप्त संस्थाले पुर्व सूचना दिई सेवा बन्द गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द गरिएकोमा सम्बन्धित उपभोक्ताले महसुल बुझाई सेवा सुचारु गरिदिन निवेदन दिएमा अनुमति पत्र प्राप्त संस्थाले तोकिएको दस्तुर लिई बन्द सेवा गरिदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ ।

३८. **धारा तथा मिटर जडान**: (१) खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमति पत्र प्राप्त संस्था समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अनुममति प्राप्त सस्थाले तोकिएको शुल्क लिई तोकिएको समयभित्र धारा र मिटर जडान गरिदिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त बैकल्पिक व्यवस्था गरि खानेपानी सेवा उपलव्ध गराउन पर्नेछ ।

(४) धारा तथा मिटर जडान सम्बम्धी लाग्ने शुल्क र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३९. **निजी वा सार्वजनिक जग्गामा पाइप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्ने**: (१) उपभोक्ता संस्था वा अनुमति पत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलव्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उफा (१) बमोजिमको कार्यमा अवरोध आएमा स्थानीय तहले आवश्यक सहजीकरण गर्नु पर्नेछ ।

४०. **घर जग्गामा प्रवेश गर्न सक्ने**: उपभोक्ता संस्था वा अनुमति पत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा संघीय ऐनको दफा २६ बमोजिम घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

४१. **सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा** : (१) आयोजना वा सेवा प्रणालीको सुरक्षाको आवश्यकता भएमा अनुमति प्राप्त संस्थाले सम्बन्धित स्थानीय तहमा लिखित अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा सम्बन्धी अनुरोध प्राप्त भएमा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारसँग समन्वय गरी वा आफै आवश्यक सुरक्षाको प्रबन्ध गर्नु पर्नेछ ।

(३) सेवा प्रणालीको सुरक्षाका लागि सम्बन्धित उपभोक्ता संस्था तथा अनुमति प्राप्त संस्थाले आयोजना हेरालुको व्यवस्थापन गर्न वा मर्मत सम्भार कार्यक्रतालाई सो जिम्मेवारी दिन सक्नेछ ।

(४) यस दफा बमोजिम उपभोक्ता संस्था वा अनुमति प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमति प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद ७

## सरसफाइ स्वच्छता तथा पूर्ण सरसफाई

४२. **खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्ने** : स्थानीय तहले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरी कार्यान्वयन गर्नेछ ।

४३. **शौचालयको निर्माण गर्नु पर्ने :** (१) सबै घर परिवार, संघ संस्था, व्यवसायीहरुले आधारभूत तथा सुधारिएको शौचालयको निर्माण गरी प्रयोगमा ल्याउनु पर्नेछ ।

(२) हाटबजार, मेला पर्व, सार्वजनिक स्थलमा आवश्यक्ता अनुसार सार्वजनिक शौचालय निर्माण गरी व्यवस्थापन गर्नेछ र स्थानीय तहले यस्ता सार्वजनिक स्थलमा सुरक्षित शौचालय निर्माण तथा त्यसको संचालन कार्यविधि तयार गरी लागु गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थानीय तहले सार्वजनिक शौचालय निर्माण गर्दा लैङ्गिक, बालबालिका, जेष्ठ नागरिक तथा शारीरिक रुपले असक्षम भएका व्यक्तिहरूले समेत प्रयोग गर्न सक्ने गरी प्रयोगकर्ता मैत्री निर्माण गर्नु पर्नेछ ।

(४) नेपाल सरकारले तोकेको मापदण्डको अधिनमा रहि प्रदेश सरकारले शौचालयको सहज तथा सुलभ पहुँच, गुणस्तर र संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड लागु गर्नेछ ।

४४. <u>मानव मलमुत्र व्यवस्थापन</u>: (१) प्रदेशले नेपाल सरकारले निर्धारण गरे बमोजिम मानव मलमुत्र व्यवस्थापनका मापदण्ड तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधिनमा रहि मानव मलमूत्रीय फोहरमैला व्यवस्थापन गर्ने प्रमुख दायित्व प्रत्येक नागरिक, घरधुरी, सेवा प्रदायक होटल, लज लगायतका सेवा क्षेत्रको नै हुने छ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधिनमा रहि मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुनेछ ।

(३) दुई भन्दा बढी स्थानीय तहले संयुक्त रुपमा मानव मलमूत्रीय फोहोर सुरक्षित तबरले ब्यबस्थापन गर्न सक्नेछन् । यसरी गरिने संयुक्त व्यवस्थापनका लागि प्रदेशले आवश्यक सहयोग गर्नेछ ।

(४) यस दफा मानव मलमुत्र संकलन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

४५. <u>फोहरमैला मैला व्यवस्थापन</u> : (१) प्रदेश सरकारले फोहरमैला मैला व्यवस्थापन सम्बन्धी मार्गदर्शन बनाउनेछ ।

(२) उपदफा (१) बमोजिमको मार्गदर्शनको अधिनमा रहि फोहरमैला मैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहरमैला मैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण र सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ ।

(३) फोहरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला मैला वा सरसफाइको सिलसिलामा जम्मा भएको फोहरमैला को प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतता पनि हानिकारक फोहरमैला मैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला मैला, रासायनिक फोहोरमैला वा औद्योगिक फोहरमैला मैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला मैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(५) स्थानीय तहले फोहरमैला संकलन तथा व्यवस्थापन सम्बन्धी योजना र व्यवस्थान कार्यबिधि बनाइ लागु गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिमको कार्यमा आवश्यक सहयोग र सहजीकरण गर्ने दायित्व प्रदेशको हुनेछ ।

४६. **<u>ढल निकास सेवा सञ्चालनः</u>** (१) यस ऐन बमोजिम खानेपानी सेवा प्रदान गर्दा वा अन्य क्रियाकलापबाट निष्किएको फोहरपानीको व्यवस्थापनका लागि स्थानीय तह वा अनुमति पत्र प्राप्त संस्थाले ढल निकास सेवा सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ढल निकास सेवा सञ्चालन गर्दा ढल निकास सेवा उपयोग गर्ने उपभोक्ताबाट स्थानीय तह वा अनुमति पत्र प्राप्त संस्थाले निर्धारित दरमा ढल निकास सेवा शुल्क लिन सक्नेछ ।

४७. **<u>सरसफाइ कार्यकर्ता र सुरक्षा सम्बन्धी व्यवस्था:</u>** (१) स्थानीय तहले स्थानीय क्षेत्रको फोहरमैला तथा मानव मलमुत्र व्यवस्थापनका लागि सरसफाइ कार्यकर्ता परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सरसफाइ कार्यकर्ता परिचालन गर्दा स्थानीय तहले वा सम्बन्धित व्यक्ति तथा संस्थाले न्यूनतम् स्वास्थ्य सुरक्षा सामाग्री उपलब्ध गराउनेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि न्युनतम् सुरक्षा सामग्री भन्नाले पञ्जा, मास्क, जुत्ता, एप्रोन, सुरक्षा बेल्ट, हेल्मेट ,चस्मा आदिलाई जनाउनेछ ।

(३) उपदफा (१) बमोजिमका सरसफाइ कार्यकर्ताको आवश्यक क्षमता विकास गरी स्थानीय तहले सरसफाइ कार्यकर्ताको सुचीकरण प्रमाणपत्र दिनेछ ।

४८. **महिनावारी स्वच्छता कायम गर्ने :** (१) महिनावारी भएको अवस्थामा प्रत्येक घरपरिवारले सुरक्षित आवास र सरसफाइ तथा स्वच्छतामा पहुँचको सुनिश्चित गर्नु पर्नेछ ।

(२) हरेक संस्थागत शौचालयमा अनिवार्य सेनिटरी प्याड विसर्जन ट्यांकी सहितको महिलाका लागि छुट्टै शौचालयको व्यवस्थापन गर्नु पर्नेछ ।

(३) बिद्यालय समयमा छात्रा तथा महिला शिक्षकको लागि निशुल्क सेनिटरी प्याडको व्यवस्था गर्नु पर्नेछ ।

४९. **पूर्ण सरसफाई अभियान :** (१) स्थानीय तहले घरायसी, विद्यालय, समुदाय र संस्थागत तहमा पूर्ण सरसफाइ अभियान अघि बढाउन सक्नेछ ।

(२) स्थानीय तहले पूर्ण सरसफाई घोषणा कार्यबिधि बनाइ लागु गर्नु पर्नेछ ।

## परिच्छेद–८

## महसुल तथा सेवा शुल्क सम्बन्धी

५०. **खानेपानी तथा सरसफाइ महसुल निर्धारण :** (१) अनुमति प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ सम्बन्धी सेवाको महसुल निर्धारण गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको महसुल स्थानीय तहको कानूनको अधिनमा रहि सम्बन्धित उपभोक्ता संस्थाको साधारणसभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा संघीय ऐनको दफा ३२ महसुल निर्धारणका आधारहरु र आयोजनाको लागत, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहद हित, उपभोक्ताको क्रयशक्ति, र स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(४) यस दफा बमोजिम निर्धारण गरेको महसुल दरको जानकारी सम्बन्धित स्थानीयलाई गराउनु पर्नेछ ।

५१. **शुल्क लिन सक्ने :** (१) दफा ५० को अतिरिक्त खानेपानी तथा सरसफाइ सेवा प्रदायक अनुमति प्राप्त संस्था वा उपभोक्ता संस्था ले देहाय बमोजिमका शुल्कहरु निर्धारण गर्न सक्नेछ ।

(क) उपभोक्ता सदस्यता शुल्क

(ख) नयाँ धारा जडान शुल्क

(ग) मिटर जडान शुल्क

(घ) मर्मत सम्भार कोष संचालन शुल्क

(ङ) सरसफाइ सेवा शुल्क

(च) पिट र सेप्टिक ट्यांकीबाट दिसाजन्य लेदो खाली, सङ्कलन वा ढुवानी शुल्क

(२) उपदफा (१) बमोजिम शुल्क निर्धारण गर्दा दफा ५०को उपदफा (२) र (३) ले तोकेको प्रक्रिया पुरा गर्नु पर्नेछ ।

**५२. <u>सदस्यता शूल्क तथा सेवा शूल्क निर्धारण गर्दा ध्यान दिनु पर्ने</u>** (१) उपभोक्ता संस्थाको सदस्यता शूल्क निर्धारण गर्दा उपभोक्ता संस्थाका एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, आदिबासी जनजाति तथा विपन्न घरधुरी सदस्यले समेत बेहोर्न सक्ने मनासीव रकम तोक्नु पर्नेछ ।

**५३. <u>मिनाहा वा छुट दिन सक्ने</u> :** (१) प्रकोप वा अन्य कुनै विषम परिस्थितीका कारण कुनै खास क्षेत्र लगायत डुबान क्षेत्रका उपभोक्ता, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, गरिव तथा विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुलमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले घटाउन वा मिनाहा गर्न सक्नेछ ।

(२) प्रदेश सरकारले प्रदेश राजपत्र तथा स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आफूले संचालन तथा व्यवस्थापन गरेका खानेपानी सेवाको विषम परिस्थितिका कारणले कुनै खास क्षेत्रका उपभोक्ताले खानेपानीको महसुल तिर्न असमर्थ भएमा वा विपन्न सीमान्तीकृत समुदायको लागि जडान भएको खानेपानीको धारामा लाग्ने महसुल घटाउन वा मिनाहा दिनसक्नेछ ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि "विषम परिस्थिति" भन्नाले कुनै प्रकोपको कारण खानेपानी सेवा संचान नभएको वा सिमित मात्रामा संचालन भएको अवस्थालाई जनाउँछ।

५४. **असुल उपर गर्न सक्ने :** यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट अनुमति पत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ।

## परिच्छेद-९

## गुणस्तर र मापदण्ड सम्बन्धी

५५. **गुणस्तर र मापदण्ड तोक्न सक्ने :** (१) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर र मापदण्ड नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तर भन्दा न्यून् नहुने गरी मन्त्रालय वा स्थानीय तहले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

(३) उपभोक्ता संस्था र अनुमति पत्र प्राप्त संस्थाले उपदफा (१) र (२) बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

(४) खानेपानीको गुणस्तर सुधारका लागि उपभोक्ता संस्था र अनुमति पत्र प्राप्त संस्थाले देहायका क्रियालापहरु संचालन गर्नु पर्नेछ ।

(क) खानेपानी सुरक्षा योजना लागु गर्ने

(ख) पानी प्रशोधन प्रणालीको विकास

(ग) पानी परिक्षणको व्यवस्था

(घ) पानीको घरायसी प्रशोधनक विधिहरुको बारेमा सचेतना गर्ने

५६. **फोहोरपानी मिसाउन नहुनेः** (१) कसैले तोकेको मापदण्ड विपरीत मानव मलमूत्र सहित वा रहितको फोहोरपानी ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमूत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय, मानव वस्ती वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन हुँदैन।

(२) कसैले आफूबाट उत्सर्जित फोहोरपानी ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी नेपाल सरकारले निर्धारण गरेको मापदण्डको सिमा भित्र रही मिसाउनु पर्नेछ।

५७. **नदी तथा ताल तलैयाको जल गुणस्तर सम्बन्धी मापदण्डः** मानव सृजित वा मानवीय क्रियाकलापको कारण सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका मानव बस्तीसँग जोडिएका नदी, ताल तलैया, पोखरी, जलाशय तथा कुण्डको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न नेपाल सरकारको मापदण्डको अधिनमा रहि प्रदेश र स्थानीय तहले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ।

५८. **प्रयोगशालाको स्थापना तथा संचालनः** (१) प्रदेश र स्थानीय तहले खानेपानी तथा फोहोरपानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा संचालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम प्रयोगशाला स्थापना तथा संचालन गर्दा नेपाल सरकार तोकेको मापदण्डलाई पालना गर्नु पर्नेछ ।

(३) प्रयोगशाला संञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-१०

## सेवाको अनुगमन र निगरानी

५९. **अनुगमन र निगरानी गर्नु पर्ने** :(१) मन्त्रालय, स्थानीय तह र दफा ६० बमोजिम तोकिएको निरीक्षकले आयोजना र सेवा प्रणाली भित्रका सवै वर्ग तथा समुदायको सहभागितामा खानेपानी तथा सरसफाइ सेवाको व्यवस्थापन, तोकिएको गुणस्तर र मापदण्डको अनुगमन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम अनुगमन पश्चात सेवा प्रदायक निकायलाई आवश्यक निर्देशन निर्देशन दिन सकिनेछ र सो निर्देशन सेवा प्रदायक निकायले पालना गर्नुपर्नेछ ।

६०. **निरीक्षक तोक्न सक्ने** : (१) खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर र मापदण्डको कार्यान्वयन अनुगमन र निगरानीका लागि सम्बन्धित बिषयको विज्ञता भएको कुनै कर्मचारीलाई मन्त्रालयले निरीक्षक तोक्न सक्नेछ ।

(२) कुनै स्थानीय तहले गुणस्तर र मापदण्डको निरीक्षणको जाँच गर्नका लागि अनुरोध गरेमा मन्त्रालयले निरीक्षक खटाउन सक्नेछ ।

६१. **बिशेष अनुगमन समिति परिचालन गर्न सक्ने** : (१) उपभोक्ताले उपभोग गरिरहेको खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर र मापदण्डका सम्बन्धमा जनगुनासो प्राप्त भएमा वा मन्त्रालयले

आवश्यकता महसुस गरेमा मन्त्रालयले एक बिशेष अनुगमन समिति गठन गरि परिचालन गर्न सक्नेछ ।

(२) समितिको काम मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

६२. **<u>निरीक्षकको काम कर्तव्य र अधिकार</u>** : निरीक्षकको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) आपुर्ति भएको खानेपानीको गुणस्तर तथा उपलब्ध गराइएको सरसफाइ सेवाको नियमित रुपमा अनुगमन गर्ने

(ख) खानेपानी तथा विसर्जन गरेको फोहोरपानीको नमूना संकलन तथा परिक्षण गर्न वा अन्य आवश्यक विवरण लिने वा माग गर्ने ।

(ग) स्थानीय तह र उपभोक्ताबाट आएका गुनासोहरु अभिलेख गरि आवश्यक सहजीकरण गर्ने ।

(घ) दफा ६१ बमोजिम बिशेष अनुगमन समितिलाई आवश्यक सहयोग गर्ने

(ङ) अन्य तोकिएका कार्य गर्ने ।

## परिच्छेद ११

## खानेपानी व्यवस्थापन बोर्ड सम्बन्धी व्यवस्था

६३. **<u>बोर्ड गठन गर्न सक्ने</u>** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यो ऐन प्रारम्भ हुँदाका बखत कुनै सरकारी निकाय वा संस्थानले सञ्चालन गरिरहेको एक वा एकभन्दा बढी स्थानीय तह क्षेत्रको सेवा प्रणाली वा सेवालाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न, गराउन सम्बन्धित स्थानीय तहसँग परामर्श गरी आवश्यकता अनुसार खानेपानी व्यवस्थापन बोर्ड गठन गठन गर्न सक्नेछ । बोर्ड गठन गर्दा समावेशीतालाई विषेश ध्यान दिइने छ ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भएता पनि कुनै सरकारी निकाय, स्थानीय तह वा संस्थानबाट सञ्चालन भएको कुनै सेवा प्रणाली वा सेवा यस परिच्छेद बमोजिम सञ्चालन तथा व्यवस्थापन गर्न गराउन चाहेमा देहायका विवरण खुलाइ बोर्ड गठन गर्न प्रदेश सरकार समक्ष निवेदन दिन सक्नेछन: —

(क) सेवा सञ्चालन तथा व्यस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको वा सोसँग सम्बन्धित पानीको स्रोतको स्थिति,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालनका लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दिर्घकालिन योजना,

(च) सेवालाई प्रभावकारी र गुणस्तरयक्तु बनाउन तयार गरिएको कार्य योजना,

(छ) बोर्ड आफैले सेवा सञ्चालन गर्ने वा अन्य व्यक्ति वा संस्था मार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(ज) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आवद्ध सम्पत्ति तथा दायित्व र सोको हस्तान्तरण गर्ने तरिका सम्बन्धी अन्य व्यवस्था र

(झ) तोकिएबमोजिमका अन्य कुराहरु ।

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन निवेदकको माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

६४. **बोर्ड स्वशासित संस्था हुने** : (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

**६५. <u>बोर्डको काम, कर्तव्य र अधिकार</u>** : यस दफा ६३ बमोजिम गठित बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सेवा प्रणालीको निर्माण विस्तार सुधार तथा पुनर्थापना गर्ने, गराउने

(ख) सेवाको उपयोग सम्बन्धी नीति बनाई कार्यान्वयन गर्ने गराउने,

(ग) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूहषित हुन नदिने,

(घ) खानेपानीको स्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने

(ङ) सेवा प्रणाली सम्बन्धी अल्पकालीन तथा दीर्घकालिन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(च) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने, गराउने,

(छ) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको स्रोतको पहिचान गरी प्राप्त गर्ने,

(ज) प्रचलित कानून बमोजिम सेवाको महसुल दर निर्धारण गर्ने, गराउने,

(झ) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

(ञ) सेवाप्रदायकलाई सेवा प्रदान गर्न अनुमति पत्र प्रदान गर्ने वा सेवा प्रदायकसँग सम्झौता गरी सेवा प्रदान गराउने,

(ट) उपभोक्तालाई प्रदान गर्ने सेवा बापत निर्धारित महसुल असूल गर्ने गराउने,

(ठ) सेवा प्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पीरमर्का पर्न गएमा सो उपर सनुवाई गरी उपयुक्त उपचार दिने,

(र) सेवा सञ्चालनका लागि आवश्यक पर्ने तोकिएबमोजिमको काम गर्ने।

## परिच्छेद-१२

## सजाय र पुनरावेदन

६६. **कसूरः** (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ

(क) अनुमति पत्र नलिई खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको निर्माण वा सञ्चालन गरेमा,

(ख) खानेपानी सेवा तथा सरसफाइ सेवाको अनाधिकार प्रयोग गरेमा वा त्यसको दुरुपयोग गरेमा,

(ग) अनुमति पत्र प्राप्त संस्थाले जडान गरेको निजी धारामा उपभोक्ताले अनुमति प्राप्त संस्थाको स्वीकृति बिना कुनै अवाञ्छित फाइदा लिने उद्देश्यले कुनै कार्य गरेमा,

(घ) खानेपानीको पाइपबाट कुनै यन्त्र जडान गरी अनाधिकार पानी प्रयोग गर्ने कार्य गरेमा,

(ङ) जलाधार क्षेत्र भित्र खानेपानी प्रदूषित गर्ने वा पानीको परिमाण वा वहावमा असर पर्ने कुनै कार्य गरेमा,

(च) खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको कुनै संरचना वा जडित पाइप वा सामान वा जडित मिटर वा प्रशोधन प्रणाली वा अन्य उपकरण बिगार्ने वा नष्ट गर्ने वा चोरी गरेमा,

(छ) निर्धारित मापदण्ड विपरीत कसैले मानव मलमूत्र सहित वा रहितको फोहोरपानी ढल व्यवस्थापन प्रणालीमा विसर्जन गरेमा वा मानव मलमूत्रलाई सिधै नदी, जलाशय वा जमिनमा विसर्जन गरेमा,

(ज) अनुमति पत्र प्राप्त संस्थाले फोहोर पानी विसर्जन गर्दा निर्धारित मापदण्ड तथा स्तर पूरा नगरी नदी, जलाशय वा जमिनमा विसर्जन गरेमा,

(झ) निर्धारित गुणस्तर तथा मापदण्ड बमोजिम सेवा स्तर र गुणस्तर कायम नगरेमा वा तोकिएको गुणस्तर बमोजिमको खानेपानी आपूर्ति नगरेमा,

(ञ) अनुमति प्राप्त संस्थाले निर्धारित महसुल लागू नगरेमा वा निर्धारण गरे भन्दा बढी महसुल लिएमा,

(ट) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नुपर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा देहाय बमोजिम जरिवाना हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसुर गरेमा एकलाख रुपैयासम्म जरिवाना गरी त्यस्तो काम तुरुन्त बन्द गराउने ।

(ख) खण्ड (ख), (ग) वा (घ) बमोजिमको कसुर गरेमा पचास हजार रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (ङ) देखि (ट) सम्मको कसुर गरेमा पाँचलाख रुपैयाँसम्म जरिबाना ।

६७. **उजुरी, अनुसन्धान तथा निर्णयः** (१) यस ऐन तथा यस अन्तर्गत बनेको नियमावली विपरीतको कार्य कुनै व्यक्ति, संस्था वा कोही कसैले गरेमा वा गर्न लागेको सूचना पाएमा जो कोहीले कार्यालय प्रमुख समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी उपर कारवाही गर्दा कार्यालय प्रमुखलाई प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ ।

(३) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा कार्यालय प्रमुखले नब्बे दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

६८. **पुनरावेदनः** दफा ६७ को उपदफा (३) बमोजिमको निर्णयमा चित्त नबुझेमा निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

६९. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः** यस ऐन बमोजिम कसुर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसुर हुने रहेछ भने सो कानून वमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुयाएको मानिने छैन ।

## परिच्छेद -१३

## बिबिध

७०. **पारिस्थितिकीय सेवा भुक्तानी प्रणाली अवलम्बन गर्न सकिने:** (१) प्रदेश र स्थानीय तहले पानी स्रोतको संरक्षणका लागि सम्बन्धित समुदायलाई पारिस्थितिकीय सेवा भुक्तानी सम्बन्धी व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मुल्यांकन गर्न बिधि सम्बन्धित क्षेत्रका समुदायको परामर्शमा सम्बन्धित स्थानीय तहले गर्नेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि पारिस्थितिकीय सेवा भुक्तानी भन्नाले पारिस्थितिकीय प्रणाली कायम गरे बापत त्यसबाट पाउने विभिन्न लाभहरुको आर्थिक मूल्याकंन गरि त्यसमा योगदान पुऱ्याउने समुदायलाई मौद्रिक वा अन्य हिसाबले भुक्तानी दिइने अभ्यासलाई वातावरणीय सेवाको भुक्तानी गर्ने अवस्थालाई जनाउनेछ ।

७१. **आपतकालिन समयमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा:** (१) आपतकालिन समयमा यथासिघ्र खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्न प्रदेश र स्थानीय तहले आवश्यक पुर्व तयारी गर्नु पर्नेछ ।

(२) आपतकालिन समयमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने दायित्व प्रदेश र स्थानीय तहको हुनेछ र यस कार्यमा सबै नागरिक समाज संस्था र व्यक्तिले सहयोग गर्नु पर्नेछ ।

७२. **आवश्यक अनुदान तथा पुरस्कार दिन सक्ने:** (१) प्रदेश सरकारले विपन्न बस्ती तथा पिछडिएको वस्तीमा खानेपानी सेवा संचालनका निम्ति आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) खानेपानीको लागि सतह तथा जमिनमुनिको पानीको स्रोत प्रयाप्त नभएको क्षेत्रमा आकाशे पानी सङ्कलन गर्ने तथा अन्य उपयुक्त प्रविधि वा प्रणाली निर्माणका लागि तोकिएबमोजिम आर्थिक तथा प्राबिधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उत्कृष्ट सेवा प्रदान गरिराखेको सेवा प्रदायकलाई मन्त्रालयले पुरस्कृत गर्न सक्नेछ ।

**७३. <u>बिद्युतीय एकीकृत अभिलेख तयार गर्नु पर्ने</u>:** प्रदेश सरकारले संघीय ऐनको दफा ५६ मा उल्लेख भए बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रणालीको बिद्युतिय अभिलेख राख्नु पर्नेछ ।

**७४. <u>आदेश वा निर्देशन दिन सक्ने</u>** : प्रदेश सरकार वा तोकिएको निकायले अनुमति प्राप्त संस्थालाई सेवा प्रणालीको निर्माण, सञ्चालन र व्यवस्थापन सम्बन्धमा आवश्यक आदेश वा निर्देशन जारी गर्न सक्नेछ र त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**७५. <u>नियम बनाउन सक्ने</u> :** (१) यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी देहायका बिषयमा नियम तथा कार्यबिधि बनाउन सिकनेछ

(क) मर्मत सम्भार कोष व्यवस्थापन तथा परिचालन

(ख) मानव मलमुत्र व्यवस्थापन

(ग) फोहरमैला व्यवस्थापन

(घ) उपभोक्ता संस्था गठन तथा परिचालन

(ङ) धारा तथा मिटर जडान सम्बन्धी

(च) पूर्ण सरसफाइ उन्मुख समुदाय विकास

(छ) मर्यादित महिनावारी व्यवस्थापन

(ज) सेवा सहायता केन्द्र गठन र परिचालन

(झ) खानेपानी तथा सरसफाई क्षेत्र अनुगमन तथा सुचना व्यवस्थापन

(२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही प्रदेश सरकारले कार्यबिधि निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।